सरावल गाउँपालिका

# गाउँ कार्यपालिका कार्यालय, सरावल

नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

लुम्बिनी प्रदेश, नेपाल

च.नं.

प.सं. ०७८/०७९

मितिः-२०७८/०६/१२

## सार्वजनिक विदा सम्वन्धी सुचना !!!

मिति २०७८/०६/१३ गते आश्विन कृष्णपक्षको अष्टमी तिथीको दिन पर्न गएको विशेषतः थारु सहित तराईबासी समुदायको महान चाड जितिया पर्वको अवसरमा सरावल गाउँवासी आमावुवा, दिदिबहिनी, दाजुभाईहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

यस पर्वको अवसरमा थारु महिलाहरु व्रत वस्ने र सोही दिन राती जितवाहन भगवानको कथा र महिमा सुन्ने चलन रहेको छ। किंवदन्ती अनुसार द्वापर युगमा महाभारत युध्दको वेला द्रोणाचार्यका पुत्र आश्वत्थमा द्वारा पाण्डवका पुत्रहरु मारिदा पुत्र वियोगले व्यकुल भएकी द्रोपदी आफ्ना सखीहरु सहित धौम्य ऋषि कहा पुगिन र आफ्ना सन्तान वियोगको पिडा सुनाईन। द्रोपदीको पुत्र वियोगमा ऋषि धौम्यले सत्ययुगमा भगवान विष्णुको तपस्या गरी वरदान पाएका सत्यवादी पुरुष जितवाहनको पुजा आरधना गर्नाले सन्तानको अकाल मृत्यु नहुने र सन्तानको सुस्वास्थ्य एवम दिर्घायु हुने सल्लाह दिए वमोजिम जितवाहनको पुजा र व्रत गर्ने परम्परा रही आएको उल्लेख छ।

यस महान पर्वको अवसरमा मिति २०७८/०६/१३ गते यस गाउपालिका कार्यालय, मातहतका वडा कार्यालय, स्वास्थ्य चौकी, सामुदायिक एवं संस्थागत विद्यालय तथा अन्य संघसंस्थाहरु वन्द रहने गरी १ दिन सार्वजनिक विदा(आगामी गाउँ कार्यपालिका वैठकवाट अनुमोदन गराउने गरी) दिईएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

२०७८/०६/१२

.....................

राधेश्याम चौधरी

अध्यक्ष

राधेश्याम चौधरी

अध्यक्ष